# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं कात्तिक १८ गते २०५४ साल (अतिरिक्ताङ्क ३७

## भाग ३

श्री ५ को सरकार

### सूचना तथा संचार मन्त्रालयको

### सूचना–१

श्री ५ को सरकारले दूर संचार ऐन, २०५३ को दफा १ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन २०५४ साल कात्तिक १८ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

# दूर संचार नियमावली, २०५४

दूर संचार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "दूर संचार नियमावली, २०५४" रहेकोछ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-
(क) "ऐन" भन्नाले दूर संचार ऐन, २०५३ सम्झनु पर्छ ।
(ख) "निरीक्षक"भन्नाले ऐनको दफा १७ को उपदफा (२) बमोजिम निरीक्षण वा जाँचबुझ गर्न प्राधिकरणबाट तोकिएको व्यक्ति वा निकाय सम्झनु पर्छ ।
(ग) "समिति"भन्नाले ऐनको दफा ४९ बमोजिमको रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति सम्झनु पर्छ ।
(घ) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२
## अध्यक्ष तथा सदस्यको योग्यता सम्बन्धी

३. अध्यक्ष तथा सदस्यको योग्यता: प्राधिकरणको अध्यक्ष तथा सदस्य हुनको लागि चालीस वर्षको उमेर पूरा भई पैंसठ्ठी वर्षको उमेर ननाघेको र आर्थिक, प्राविधिक, बजार व्यवस्थापन, लेखा तथा लेखा परीक्षण वा कानूनी क्षेत्रमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तहको उपाधि हासिल गरी श्री ५ को सरकार वा दूर संचार सम्बन्धी कुनै संस्थामा अध्यक्षको हकमा कम्तीमा पन्ध्र वर्ष र सदस्यको हकमा कम्तीमा दश वर्ष दूर संचार सम्बन्धी काम गरेको नेपाली नागरिक हुनुपर्नेछ ।

४. अध्यक्षको काम, कर्तव्य र अधिकार: अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-
(क) प्राधिकरणको प्रशासनिक प्रमुखको रुपमा काम गर्ने,
(ख) प्राधिकरणको वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी गराई प्राधिकरणको बैठकमा पेश गर्ने ,
(ग) प्राधिकरणको कोषको रेखदेख तथा नियन्त्रण गर्ने,
(घ) प्राधिकरणको सम्पत्तिको स्याहार सम्भार गर्ने, गराउने ,
(ङ) प्राधिकरण र श्री ५ को सरकार तथा अन्य संघ संस्था बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने ,
(च) ऐन वा यस नियमावली बमोजिम प्राधिकरणबाट प्रत्यायोजित अन्य काम गर्ने, गराउने ।

५. अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाको अन्य शर्त: अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु ऐन वा यस नियमावली अन्तरगत बनाइने विनियममा तोकिए बमोजिम हुनेछ र


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विनियमावली नबनेसम्म निजको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ।

६. **बैठक भत्ता:** अध्यक्ष तथा सदस्यहरुले प्राधिकरणको प्रत्येक बैठकमा भाग लिए बापत मन्त्रालयले तोकिदिए बमोजिमको रकम बैठक भत्ता पाउनेछन्।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

७. **अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने:** (१) ऐनको दफा २३ को उपदफा (१) बमोजिम दूर संचार सेवा संचालन गर्न चाहने नियम ८ बमोजिमको पूँजी, प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता भएका व्यक्तिले ऐनको दफा २२ को उपदफा (१) बमोजिम प्राधिकरणले प्रकाशन गरेको सार्वजनिक सूचनामा उल्लिखित म्याद भित्र आफूले संचालन गर्न चाहेको दूर संचार सेवा सम्बन्धी आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य संचालन योजना संलग्न गरी सो सूचनामा उल्लिखित कुराहरु समेत खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा २३ को उपदफा (२) बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको दूर संचार सेवा संचालन गर्ने अनुमतिपत्र लिनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा जुनसुकै बखत प्राधिकरण समक्ष निवेदन दिन सकिनेछ।

(३) ऐनको दफा २३ को उपदफा (३) बमोजिम ऐन प्रारम्भ हुनु अगावै श्री ५ को सरकारबाट अनुमतिपत्र लिई दूर संचार सेवा संचालन गरिरहेका व्यक्तिले अनुमतिपत्र लिनको लागि ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र अनुसूची-२ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

८. **अनुमतिपत्र लिन चाहिने पूँजी, प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता:** नियम ७ को उपनियम (१) बमोजिम अनुमतिपत्र लिनको लागि अनुसूची-३ मा तोकिए बमोजिमको पूँजी र प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता हुनुपर्नेछ।

९. **आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य संचालन योजनामा खुलाउनु पर्ने कुराहरु:** नियम ७ को उपनियम (१) बमोजिम संलग्न गर्नु पर्ने आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य संचालन योजनामा निवेदकले अन्य कुराहरुको अतिरिक्त देहायका कुराहरु अनिवार्य रुपले खुलाएको हुनुपर्नेछ:-

(क) दूर संचार सेवा संचालन गर्नको लागि आवश्यक पर्ने रकम,
(ख) लगानी गर्ने क्षमता,
(ग) दूर संचार सेवाको लागि प्रयोग गरिने दूर संचार प्रणाली, त्यसको गुणस्तर तथा क्षमता,
(घ) दूर संचार सेवा संचालन गर्दा जग्गा प्राप्ति गर्नु पर्ने भए सो र मुआब्जा दिनु पर्ने भए क्षतिपूर्तिको रकम,
(ङ) कुनै व्यक्ति वा संस्थासंग सम्झौता गर्नु पर्ने भए सम्झौताका कुराहरु,
(च) दूर संचार सेवाको संचालन विधि,
(छ) दूर संचार सेवा संचालन गरे बापत ग्राहकसंग लिने शुल्कको रकम,
(ज) प्राधिकरणले तोकिदिएका अन्य आवश्यक कुराहरु।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. अनुमतिपत्र दिनु पर्ने: (१) नियम ७ को उपनियम (१) बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन परेमा प्राधिकरणले सो निवेदन र निवेदनसाथ संलग्न कागजातहरु जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा एकजना व्यक्ति मात्र त्यस्तो दूर सचार सेवा सचालन गर्न योग्य देखिएमा प्राधिकरणले त्यस्तो व्यक्तिसग वार्ताद्वारा अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर र रोयल्टी निर्धारण गरी निवेदकलाई अनुसूची-४ बमोजिमको ढाँचाना अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा निवेदन दिने एक जना भन्दा बढी व्यक्तिहरु त्यस्तो दूर संचार सेवा संचालन गर्न योग्य देखिएमा प्राधिकरणले ती सबै व्यक्तिहरुलाई अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर र रोयल्टीका सम्बन्धमा बढाबढ गर्न सूचना दिई बढाबढमा सबभन्दा बढी बोल कबोल गर्ने व्यक्तिलाई उपनियम (१) बमोजिम अनुमतिपत्र दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र दिंदा प्राधिकरणले अनुमतिपत्रको लागि निवेदन दिने व्यक्तिले कबूल गरेका अनुमतिपत्र दस्तुर, सो अनुमतिपत्र पहिलो पटक नवीकरण गरे बापत बुझाउने दस्तुर र अनुमतिपत्रको अवधिभर बुझाउन कबूल गरेको रोयल्टी रकम हिसाब गर्दा सबभन्दा बढी रकम बुझाउन कबूल गर्ने व्यक्तिलाई अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम दिइने अनुमपतत्रिको लागि कबूल गर्नु पर्ने अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुर र रोयल्टीको न्यूनतम रकम प्राधिकरणले ऐनको दफा २२ को उपदफा (१) बमोजिम प्रकाशन गरेको सूचनामा उल्लेख भए बमोजिम हुनेछ।

(५) नियम ७ को उपनियम (२) बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन परेमा प्राधिकरणले सो निवेदन र निवेदन साथ संलग्न कागजात जाँचबुझ गर्नेछ र जाँचबुझबाट अनुमतिपत्र दिन सबभन्दा बढी योग्य देखिएका व्यक्तिलाई उपनियम (१) बमोजिम अनुमतिपत्र दिनुपर्नेछ।

(६) नियम ७ को उपनियम (३) बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन परेमा प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदकलाई अनुसूची-५ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(७) यस नियम बमोजिम अनुमतिपत्र दिंदा अपनाउनु पर्ने अन्य कार्यविधि प्राधिकरणले तोके बमोजिम हुनेछ।

११. अनुमतिपत्र दस्तुर: (१) नियम १० को उपनियम (५) र (६) बमोजिम दिइने अनुमतिपत्रको लागि देहाय बमोजिम अनुमतिपत्र दस्तुर लाग्नेछ:-

(क) नियम १० को उपनियम (५) बमोजिम दिइने अनुमतिपत्रको लागि अनुसूची-६ मा तोकिए बमोजिमको दस्तुर,

(ख) नियम १० को उपनियम (६) बमोजिम दिइने अनुमतिपत्रको लागि मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको दस्तुर।

(२) नियम १० को उपनियम (१) र (२) बमोजिम दिइने अनुमतिपत्रको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले तिर्न कबूल गरेको अनुमतिपत्र दस्तुर एकैपटक वा प्राधिकरणले तोके बमोजिम किस्ताबन्दीको आधारमा अनुमतिपत्रको अवधि भित्र बुझाउनु पर्नेछ।

## परिच्छेद-४
## अनुमतिपत्रको नवीकरण, संशोधन र हस्तान्तरण

१२. अनुमतिपत्रको अवधि र नवीकरण: (१) अनुमतिपत्रको अवधि ऐनको दफा २५ को उपदफा (१) को अधीनमा रही अनुमतिपत्रमा तोकिए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्र नवीकरण गर्न चाहेमा सो अनुमतिपत्रको अवधि समाप्त हुनु एक वर्ष अगावै नियम १० को उपनियम (१) र (२) बमोजिम पाएको अनुमतिपत्रको लागि आफूले कबूल गरेको नवीकरण दस्तुर, नियम १० को उपनियम (५) बमोजिम पाएको अनुमतिपत्र नवीकरणको लागि अनुसूची-७ मा तोकिए बमोजिमको नवीकरण दस्तुर र नियम १० को उपनियम (६) बमोजिम पाएको अनुमतिपत्र नवीकरणको लागि मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको नवीकरण दस्तुर संलग्न गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरण नगराउने अनुमतिपत्र प्राप्त व्यक्तिले सो म्यादभित्र आफूले अनुमतिपत्र नवीकरण गराउन नसकेको मनासिब कारण खुलाई अनुमतिपत्र नवीकरणको लागि प्राधिकरण समक्ष निवेदन दिएमा र सो कारण मनासिब देखिएमा प्राधिकरणले एक महीनासम्मको लागि नवीकरण दस्तुरको पच्चीस प्रतिशत, तीन महीनासम्मको लागि नवीकरण दस्तुरको पचास प्रतिशत र छ महीनासम्मको लागि नवीकरण दस्तुरको शत प्रतिशत थप दस्तुर लिई अनुमतिपत्र नवीकरण गरिदिन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको म्याद भित्र पनि अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र नवीकरण गरिने छैन।

१३. <u>अनुमतिपत्रमा संशोधन गर्न सकिने:</u> (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न आवश्यक देखेमा सो संशोधन गर्नु परेको कारण खुलाई अनुसूची-८ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन पर्न आएमा प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा अनुमतिपत्रमा संशोधनको लागि दिइएको कारण मनासिब र उचित देखिएमा अनुमतिपत्रमा मूलभूत कुरा फरक नपर्ने भएमा पन्ध्रहजार रुपैयाँ दस्तुर लिई अनुमतिपत्रमा संशोधन गरिदिनु पर्नेछ।

१४. <u>अनुमतिपत्रको बिक्री वा हस्तान्तरण:</u> (१) ऐनको दफा २७ बमोजिम अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गरी लिन दिन चाहेने व्यक्तिले आपसमा निर्धारित तत्सम्बन्धी शर्त बन्देज समेत उल्लेख गरी स्वीकृतिको लागि अनुसूची-९ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष संयुक्त निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन पर्न आएमा प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप जानकारी वा विवरण लिन आवश्यक देखिएमा प्राधिकरणले त्यसरी निवेदन दिने व्यक्तिहरुसंग थप विवरण वा जानकारी माग गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन र निवेदनसाथ संलग्न कागजात तथा उपनियम (२) बमोजिम माग गरिएको थप जानकारी वा विवरण समेतबाट अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गरी दिन उचित देखेमा प्राधिकरणले निवेदकहरुसंग अनुमतिपत्र दस्तुरको पाँच प्रतिशतले हुने रकम लिई अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिनु पर्नेछ।

## परिच्छेद-५
## <u>अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तहरु</u>

१५. <u>अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तहरु:</u> (१) ऐन वा यस नियमावलीमा उल्लिखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६०२

शर्तहरुको अतिरिक्त अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका शर्तहरु पालन गर्नु पर्नेछ:-

(क) प्राधिकरणले निर्धारण गरिदिएको गुणस्तर अनुसारको दूर संचार सम्बन्धी यन्त्र तथा उपकरण प्रयोग गरी ग्राहकलाई दूर संचार सेवा उपलब्ध गराउनु पर्ने।

(ख) प्राधिकरणले समय समयमा तोकिदिएको न्यूनतम स्तर अनुरुप दूर संचार सेवा संचालन गर्नु पर्ने।

(ग) एक अनुमतिपत्र प्राप्त व्यक्तिले जडान गरेको दूर संचार सम्बन्धी यन्त्र तथा उपकरण अर्को अनुमतिपत्र प्राप्त व्यक्तिको सहमति बेगर प्रयोग गर्न नहुने।

(घ) बिजुलीको पोलबाट सकभर दूर संचार लाईन वितरण नगर्ने र वितरण गर्नु पर्ने भएमा पनि सम्बन्धित निकायको स्वीकृति लिई बिजुलीबाट सुरक्षित हुने किसिमले मात्र वितरण गर्ने।

(ङ) सम्बन्धित व्यक्ति, निकाय वा संस्थाको स्वीकृति बेगर सार्वजनिक, सरकारी वा व्यक्तिगत जग्गा, भवन, घर आदिबाट दूर संचार लाईन वितरण गर्न नहुने।

(च) ग्राहकलाई दूर संचार सेवा वितरण गर्दा ग्राहकसंग गरिएको सम्झौता अनुरुप दूर संचार सेवा उपलब्ध गराउनु पर्ने।

(छ) फ्रिक्वेन्सी प्रयोग हुने दूर संचार सेवाको लागि अनुमतिपत्रमा तोकिएको फ्रिक्वेन्सी मात्र प्रयोग गरी दूर संचार सेवा सञ्चालन गर्नु पर्ने।

(ज) ग्राहकलाई उपलब्ध गराएको दूर संचार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरुप निशुल्क मर्मत सम्भार गर्नु पर्ने।

(झ) ग्राहकहरुको सुविधा तथा जानकारीको लागि टेलिफोन डाइरेक्ट्री लगायत दूर संचार सम्बन्धी अन्य सामाग्री प्रकाशन गर्नु पर्ने।

(ञ) अन्तराष्ट्रिय दूर संचार संघ ( आई. टि.यू.) ले दूर संचार सेवा संचालन सम्बन्धमा तोकिदिएको न्यूनतम स्तर अनुरुप हुने गरी दूर संचार सेवा संचालन गर्नु पर्ने।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक अनुमतिपत्र प्राप्त व्यक्तिले दूर संचार सेवा संचालन गर्दा पालन गर्नु पर्ने अन्य शर्तहरु अनुमतिपत्रमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६
## निरीक्षण, प्रतिवेदन तथा कार्यान्वय

१६. **निरीक्षण वा जाँचबुझ गराउन सक्ने:** प्राधिकरणले आवश्यक देखेमा अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाही वा निजले उपलब्ध गराएको दूर संचार सेवाको सम्बन्धमा निरीक्षण वा जाँचबुझ गर्न गराउन सक्नेछ।

१७. **निरीक्षण वा जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि:** (१) ऐन वा यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारवाही वा निजले उपलब्ध गराएको दूर संचार सेवाको सम्बन्धमा निरीक्षण वा जाँचबुझ गर्दा प्राधिकरणले कुनै विषय किटान गरी निरीक्षण वा जाँचबुझ गर्न आदेश दिएकोमा बाहेक निरीक्षकले प्रचलित कानूनको अधीनमा रही देहायका विषयमा निरीक्षण वा जाँचबुझ गर्नु पर्नेछ:-

(क) प्राधिकरणले निर्धारण गरेको गुणस्तर बमोजिमको दूर संचार सम्बन्धी यन्त्र तथा उपकरण प्रयोग गरी अनुमतिपत्र प्राप्त व्यक्तिले दूर संचार सेवा संचालन गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ छैन ,

(ख) प्राधिकरणले तोकिदिएको न्यूनतम स्तर अनुरुप दूर संचार सेवा संचालन भएको छ छैन,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले प्राधिकरणबाट स्वीकृत भए बमोजिमको सेवा शुल्क उठाएको छ छैन,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिबाट ऐन वा यस नियमावली बमोजिम पालन गर्नु पर्ने शर्त अनुरुपको काम कारवाही भएको छ छैन ।

१८. निरीक्षकको अधिकार: नियम १७ बमोजिम निरीक्षण वा जाँचबुझको सिलसिलामा निरीक्षकलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) दूर संचार प्रणाली प्रयोग गरिएको ठाउँमा प्रवेश गर्न,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिसंग कुनै विवरण वा जानकारी माग गर्न,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई उपलब्ध गराएको दूर संचार सेवा तथा त्यस्तो सेवा संचालन गर्दा प्रयोग भएका दूर संचार प्रणालीको गुणस्तर जाँच गर्न,

(घ) दूर संचार सेवा संचालनमा संलग्न जुनसुकै व्यक्तिसंग बयान लिन,

(ङ) निरीक्षण वा जाँचबुझ गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिलाई दूर संचार सेवा संचालन सम्बन्धमा तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो दिन,

(च) निरीक्षण वा जाँचबुझ सम्बन्धमा आवश्यक अन्य काम गर्न ।

१९. निरीक्षकको आदेश पालन गर्नु पर्ने: (१) निरीक्षकले नियम १७ बमोजिम निरीक्षण वा जाँचबुझको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिलाई कुनै आदेश दिएकोमा सो आदेश बमोजिमको काम गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षकले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले तीस दिन भित्र प्राधिकरण समक्ष उजुरी दिन सक्नेछ र सो उजुरीका सम्बन्धमा प्राधिकरणबाट भएको निर्णय अन्तिम हुनेछ ।

२०. प्रतिवेदन पेश गर्नु पर्ने: (१) नियम १७ बमोजिम निरीक्षण वा जाँचबुझ गरिसकेपछि निरीक्षकले निरीक्षण वा जाँचबुझ सम्बन्धी विस्तृत प्रतिवेदन प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराहरुको अतिरिक्त देहायका कुराहरु खुलाएको हुनु पर्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाही वा निजले उपलब्ध गराएको दूर संचार सेवा सम्बन्धमा निरीक्षण वा जाँचबुझ गरिएको विषय,

(ख) निरीक्षण वा जाँचबुझको सिलसिलामा कुनै प्राविधिक जाँच गरेको भए कुन दूर संचार प्रणालीको जाँच गरिएको हो सो विषय,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले ऐन वा यस नियमावली बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन गरे नगरेको छुट्टा छुट्टै विवरण,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै शर्त पालन नगरेको भए के कति कारणले पालन नगरेको हो सो विषय,

(ङ) निरीक्षण वा जाँचबुझको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिलाई तत्काल कुनै काम गर्न आदेश दिएको भए सो आदेश दिएको विषय र सो दिनाको कारण ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **प्रतिवेदन कार्यान्वयन गर्ने:** (१) नियम २० बमोजिमको प्रतिवेदन प्राप्त भएपछि प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप जानकारी लिनु पर्ने देखिएमा प्राधिकरणले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई विवरण वा कागजात पेश गर्न आदेश दिन, आफू समक्ष उपस्थित गराई बयान लिन वा उपयुक्त संझेको अन्य कार्य गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा प्राधिकरणले अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाही वा निजले उपलब्ध गराएको दूर संचार सेवाको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई कुनै आदेश दिन उपयुक्त देखेमा सो अनुरुप काम गर्न मनासिब माफिकको समय दिनेछ र त्यसरी दिइएको आदेश अनुरुप यथासमयमा काम गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

## परिच्छेद-७
## दूर संचार सम्बन्धी विवाद र त्यसको समाधान

२२. **प्राधिकरण समक्ष उजुरी दिन सक्ने:** अनुमतिपत्र प्राप्त व्यक्तिहरु बीच वा अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक बीच दूर संचार सेवा सम्बन्धमा कुनै विवाद परेमा त्यसबाट मर्का पर्ने पक्षले त्यसको कारण समेत खुलाई प्राधिकरण समक्ष उजुरी दिन सक्नेछ।

२३. **अनुमतिपत्र प्राप्त व्यक्तिहरु बीच विवाद परेमा गर्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिहरु बीच दूर संचार सेवा सम्बन्धमा विवाद परी नियम २२ बमोजिम प्राधिकरण समक्ष उजुरी परेमा प्राधिकरणले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिहरुलाई झिकाई आपसी छलफलबाट विवादको समाधान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आपसी छलफलबाट विवादको समाधान हुन नसकेमा प्राधिकरणले सो प्रयोजनको लागि अनुमतिपत्र प्राप्त व्यक्तिहरुको एक एक जना प्रतिनिधिहरु र प्राधिकरणको एक जना प्रतिनिधि रहेको एक मध्यस्थ नियुक्त गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त मध्यस्थले विवादको समाधान गर्नको लागि आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ।

(४) उपनियम (२) बमोजिम नियुक्त मध्यस्थले पन्ध्र दिन भित्र विवादको समाधान सम्बन्धमा आफ्नो निर्णय गरिसक्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम मध्यस्थले गरेको निर्णय सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिहरुलाई मान्य हुनेछ।

२४. **अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक बीच विवाद परेमा गर्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक बीच दूर संचार सेवा सम्बन्धमा विवाद परी नियम २२ बमोजिम प्राधिकरण समक्ष उजुरी परेमा प्राधिकरणले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहकलाई झिकाई दुवै पक्षसंग छलफल गरी विवादको समाधान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आपसी छलफलबाट विवादको समाधान हुन नसकेमा प्राधिकरणले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा ग्राहकलाई उपयुक्त संझेको कुनै आदेश दिन सक्नेछ र सो आदेश अनुरुपको काम गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा ग्राहकको कर्तव्य हुनेछ।

## परिच्छेद-८
## विविध

२५. **ग्रामीण क्षेत्रमा दूर संचार सेवा संचालन गर्नु पर्ने:** नियम १० को उपनियम (१) र (२) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो कूल लगानीको पन्ध्र प्रतिशत ग्रामीण क्षेत्रमा दूर संचार सेवाको विकास, विस्तार र संचालनमा लगाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. रोयल्टी बुझाउनु पर्ने: (१) नियम १० को उपनियम (५) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको कूल आम्दानीको चार प्रतिशतले हुने रकम रोयल्टीको रुपमा श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

(२) नियम १० को उपनियम (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको रकम रोयल्टीको रुपमा श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

२७. पुनरावेदन समिति: (१) ऐनको दफा ४८ बमोजिम पुनरावेदन गर्ने प्रयोजनको लागि देहाय बमोजिमका सदस्यहरु रहेको एक पुनरावेदन समिति रहनेछ:-

(क) पुनरावेदन अदालतको बहालवाला न्यायाधीश वा नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको अधिकृत -अध्यक्ष

(ख) श्री ५ को सरकारले तोकेको राजपत्राकित प्रथम श्रेणी वा सो सरहको विशेषज्ञ अधिकृत -सदस्य

(ग) कानूनको क्षेत्रमा अनुभव प्राप्त गरेका अधिकृत कर्मचारीहरु मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति -सदस्य

(२) मन्त्रालयले तोकेको अधिकृत कर्मचारीले पुनरावेदन समितिको सचिव भई काम गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. समितिको बैठक सम्बन्धी कार्यविधि: (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) समितिको बैठकको निर्णय समितिको सचिवले अध्यक्षद्वारा प्रमाणित गराई अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. रेडियो फ्रिक्वेन्सी निर्धारण तथा बाँडफाँड गर्ने तरिका र कार्यविधि: (१) समितिले अन्तर्राष्ट्रिय दूर संचार संघ ( आई. टि. यु. ) ले बाँडफाँड गरेको फ्रिक्वेन्सीको अधीनमा रही विभिन्न सेवाको लागि रेडियो फ्रिक्वेन्सीको निर्धारण तथा बाँडफाँड गर्नेछ ।

(२) उपनियम (२) बमोजिम समितिले निर्धारण तथा बाँडफाँड गरेको फ्रिक्वेन्सीको अधीनमा रही दूर संचार सेवाको लागि प्रयोग हुने फ्रिक्वेन्सी तोक्ने तथा वितरण गर्ने काम प्राधिकरणले गर्नेछ ।

३०. फ्रिक्वेन्सी वितरण गर्दा शर्त तोक्ने: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले दूर संचार सेवा सञ्चालन गर्ने सम्बन्धमा फ्रिक्वेन्सी प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरु प्राधिकरणले तोकिदिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको शर्त अनुरुप अनुमतिपत्र प्राप्त व्यक्तिले फ्रिक्वेन्सीको प्रयोग गरे नगरेको सम्बन्धमा जाँचबुझ वा अनुगमन गर्ने अधिकार प्राधिकरणलाई हुनेछ।

(३) उपनियम (२) बमोजिम फ्रिक्वेन्सीको जाँचबुझ वा अनुगमन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले शर्त अनुरुप फ्रिक्वेन्सीको प्रयोग गरेको नदेखिएमा प्राधिकरणले अनुमतिपत्र प्राप्त व्यक्तिलाई मनासिब समय दिई शर्त अनुसार फ्रिक्वेन्सी प्रयोग गर्न मौका दिनेछ। त्यसरी दिइएको समय भित्र पनि अनुमतिपत्र प्राप्त व्यक्तिले शर्त अनुरुप फ्रिक्वेन्सीको प्रयोग नगरेमा प्राधिकरणले निजले प्रयोग गरेको फ्रिक्वेन्सीमा रोक लगाउन सक्नेछ।

३१. दस्तुर बुझाउनु पर्ने:(१)अनुमतिपत्र प्राप्त व्यक्तिले दूर संचार सेवा संचालन गर्ने सम्बन्धमा फ्रिक्वेन्सी प्रयोग गर्दा समितिले तोकिदिए बमोजिमको दस्तुर प्राधिकरणमा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त दस्तुर प्राधिकरणले श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ।
।

३२. रेडियो फ्रिक्वेन्सीको अन्तर्राष्ट्रिय तथा बहुउद्देश्यीय समन्वयन गर्ने काम: समितिले तय गरेको रेडियो फ्रिक्वेन्सीको अन्तर्राष्ट्रिय तथा बहुउद्देश्यीय समन्वय सम्बन्धी नीति अनुरुप समन्वयन गर्ने काम मन्त्रालयको हुनेछ।

३३. वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने: अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महीना भित्र आफूले संचालन गरेको दूर संचार सेवाको विवरण र आफ्नो आय व्ययको विवरण मान्यता प्राप्त लेखा परीक्षकद्वारा लेखा परीक्षण गर्न लगाई प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

३४. विवरण अद्यावधिक राख्नु पर्ने: अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई उपलब्ध गराएको दूर संचार सेवा सम्बन्धी विवरण अद्यावधिक रुपमा तयार गरी राख्नु पर्नेछ र निरीक्षकले आफ्नो निरीक्षण वा जाँचबुझको सिलसिलामा उक्त विवरण हेर्न चाहेमा देखाउनु पर्नेछ।

३५. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने: श्री ५ को सरकारले प्राधिकरणको सिफारिशमा अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ।

३६. खारेजी र बचाउ: (१) देहायका नियमहरु खारेज गरिएका छन्:-

(क) स्थानीय टेलिफोन नियमावली, २०२२

(ख) टेलिफोन कम्युनिकेशन ( अन्तरदेशिय ) नियमावली, २०२३

(ग) टेलिकम्युनिकेशन ( अन्तर्राष्ट्रिय ) नियमावली, २०२४

(२) उपनियम (१) बमोजिमका नियमावलीहरु बमोजिम भए गरेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरेका मानिने छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१
(नियम ७ को उपनियम (१) र (२) संग सम्बन्धित)
अनुमतिपत्रको लागि दिइने निवेदनपत्र

श्री नेपाल दूरसंचार प्राधिकरण,
...............................................।

देहायको दूरसंचार सेवा संचालन गर्ने अनुमतिपत्र पाउनको लागि निम्न विवरणहरू खुलाई यो निवेदन गरेको छु ।

१. अनुमतिपत्र लिन चाहने व्यक्तिको, :–
(क) नाम :
(ख) ठेगाना :
स्थायी :
अस्थायी :

२. दूरसंचार सेवाको किसिम :

३. दूरसंचार सेवा संचालन गर्न लाग्ने :
(क) अनुमानित पूँजी :
(ख) प्रस्तावित लगानी :
(ग) लगानीको श्रोत :

४. दूरसंचार सेवा समवन्धमा :
(क) काम शुरु गर्ने मिति :
(ख) काम सम्पन्न गर्ने मिति :
(ग) सेवाको माग र आपूर्तिको प्रक्षेपण :
(घ) नेटवर्क विस्तार :
(ङ) नेटवर्कमा प्रयोग गरिने प्रविधिको विवरण :
(च) प्रदान गरिने सेवाको स्तर :

५. दूरसंचार प्रणालीको, :-
(क) निर्माता :
(ख) आयात गरिने मुलुक :
(ग) गुणस्तर :

६. प्रयोग गर्न चाहेको फ्रिक्वेन्सी:

७. ग्राहकलाई दूरसंचार सेवा उपलब्ध गराउन सकिने मिति :


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. दूरसंचार सेवा संचालन गरिने क्षेत्र :
(क) जिल्ला: (ख) न.पा./गा.वि.स.: (ग) वडा नं.:

९. दूरसंचार सेवा संचालन गर्दा हुने वार्षिक अनुमानित नाफा/नोक्सान आदिको विवरण :
(क) अनुमानित संचालन खर्च
(ख) अनुमानित आय
(ग) नाफा नोक्सानको हिसाब
(घ) महशुल दर

१०. निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :
(क) अनुमतिपत्र लिन चाहने व्यक्ति भए नागरिकताको प्रतिलिपि
(ख) अनुमतिपत्र लिन चाहने व्यक्ति संगठित संस्था भए सो संस्थाको नाम र सो संस्थाको कानूनी स्थिति देखिने कागजात
(ग) प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता सम्बन्धी कागजात
(घ) आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य संचालन योजना
(ङ) प्राधिकरणद्वारा प्रकाशित सार्वजनिक सूचनामा वा श्री ५ को सरकारले ऐन बमोजिम नेपाल राजपत्रका सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका कुराहरु

संगठित संस्थाको छाप:

निवेदकको,:-
सही:
नाम:
ठेगाना:
मिति:

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(नियम ७ को उपनियम (३) संग सम्बन्धित)

<u>अनुमतिपत्र लिनको लागि दिइने निवेदनपत्र</u>

श्री नेपाल दूरसंचार प्राधिकरण,

................................... ।

श्री ५ को सरकारबाट अनुमति प्राप्त गरी दूरसंचार सेवा संचालन गरिरहेकोमा दूरसंचार ऐन, २०५३ तथा दूरसंचार नियमावली, २०५४ बमोजिम अनुमतिपत्र लिनु पर्ने भएकोले देहायका विवरणहरू खुलाई दूरसंचार सेवा संचालन गर्ने अनुमतिपत्र पाउन निवेदन गर्दछु ।

१. अनुमतिपत्र लिन चाहने व्यक्तिको, :-
   (क) नाम :
   (ख) ठेगाना :
      स्थायी :
      अस्थायी :

२. सञ्चालन गरेको दूरसंचार सेवाको,
   (क) किसिम :
   (ख) सञ्चालन गरेको मिति :

३. दूरसंचार सेवा संचालन गर्दा लागेको, :-
   (क) प्रस्तावित लगानी :
   (ख) लगानीको श्रोत :

४. दूरसंचार प्रणालीको, –
   (क) निर्माता :
   (ख) आयात गरिएको मुलुक :
   (ग) गुणस्तर :

५. प्रयोग गरेको फ्रिक्वेन्सी :-

६. दूरसंचार सेवा संचालन गरे बापत हुने वार्षिक अनुमानित नाफा/नोक्सान आदिको विवरण :
   (क) अनुमानित सञ्चालन खर्च
   (ख) अनुमानित आय
   (ग) नाफा/नोक्सानको हिसाब
   (घ) महशुल दर

७. **निवेदन साथ संलग्न कागजातहरू:**
   **(क) पहिला पाएको अनुमतिपत्रको प्रतिलिपि:**
   **(ख) आवश्यक अन्य कागजात:**

<u>संगठित संस्थाको छाप</u> :

निवेदकको,–
सही :
नाम :
ठेगाना :
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ३
(नियम ८ संग सम्बन्धित)
## अनुमतिपत्र लिन चाहिने पूँजी, प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता

दूरसंचार ऐन, २०५३ को दफा २३ को उपदफा (१) र (२) तथा दूरसंचार नियमावली, २०५४ को नियम ७ को उपनियम (१) र (२) बमोजिम दूरसंचार सेवा संचालन गर्ने अनुमतिपत्र लिन चाहने व्यक्तिसंग देहाय बमोजिमको पूँजी र दूरसंचार सम्वन्धी देहाय बमोजिमको प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता हुनु पर्नेछ :–

(अ) आवश्यक पर्ने अधिकृत पूँजी :

१. अधिराज्य भरी स्थानीय टेलिफोन सेवा संचालन गर्नको लागि दुई अरव रुपैयाँ,
२. अधिराज्य भरी सेलुलर टेलिफोन सेवा संचालन गर्नको लागि पचास करोड रुपैयाँ,
३. अन्तर्देशीय र अन्तर्राष्ट्रिय ट्रंक सेवा संचालन गर्नको लागि क्रमश: पचास करोड र पचहत्तर करोड रुपैयाँ,
४. अधिराज्य भरी पेजिङ्ग सेवा संचालन गर्नको लागि एक करोड रुपैयाँ,
५. एक भन्दा बढी दूरसंचार सेवा संचालन गर्नको लागि एउटै अनुमतिपत्र लिने भएमा दुई अरब रुपैयाँ,
६. अन्य दूरसंचार सेवा संचालन गर्न तथा कुनै खास स्थानमा दूरसंचार सेवा संचालन गर्नको लागि लिने अनुमतिपत्रको लागि लाग्ने पूँजी प्राधिकरणले तोक्नेछ ।

(आ) प्राविधिक निपुणता र पेशा सम्बन्धी दक्षता :

(१) स्थानीय टेलिफोन सेवा संचालन गर्नको लागि स्थानीय टेलिफोन सेवा संचालन गरेको,
(२) सेलुलर टेलिफोन संचालन गर्नको लागि सेलुलर टेलिफोन वा स्थानीय टेलिफोन सेवा संचालन गरेको,
(३) अन्तर्देशीय ट्रंक टेलिफोन सेवा संचालन गर्नको लागि अन्तर्देशीय ट्रंक टेलिफोन सेवा वा स्थानीय टेलिफोन सेवा संचालन गरेको,
(४) अन्तर्राष्ट्रिय टेलिफोन सेवा संचालन गर्नको लागि अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा वा स्थानीय टेलिफोन सेवा संचालन गरेको,
(५) अन्य टेलिफोन सेवा संचालन गर्नको लागि प्राधिकरणले तोके बमोजिमको प्राविधिक निपुणता र पेशा सम्बन्धी दक्षता भएको ।

द्रष्टव्य :–

(१) अधिराज्यभरी स्थानीय टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा ३ लाख टेलिफोन लाईन संचालन गरेको हुनु पर्ने ।
(२) अधिराज्यभरी सेलुलर टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा ५० हजार टेलिफोन लाईन संचालन गरेको हुनु पर्ने ।
(३) अधिराज्यभरी स्थानीय टेलिफोन सेवा र सेलुलर टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा ५ लाख टेलिफोन लाईन भएको स्थानीय टेलिफोन सेवा वा कम्तीमा ३ लाख टेलिफोन लाईन भएको स्थानीय टेलिफोन सेवाको साथै ५० हजार टेलिफोन लाईन भएको सेलुलर टेलिफोन सेवा संचालन गरेको हुनु पर्ने ।
(४) अन्य टेलिफोन सेवाहरूको सम्वन्धमा प्राधिकरणले तोके बमोजिमको टेलिफोन सेवा संचालन गरेको हुनु पर्ने ।
(५) कुनै एक किसिमको दूरसंचार सेवा संचालनमा कम्तीमा ३ वर्षको अनुभव भएको ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४
(नियम १० को उपनियम (१), (२) र (५) संग सम्बन्धित)
दूरसंचार सेवा संचालन गर्न दिइने अनुमतिपत्र

श्री ..................................
.........................................।

तपाईंलाई दूरसंचार ऐन, २०५३ को दफा २३ को उपदफा (१) र (२) तथा दूरसंचार नियमावली, २०५४ को नियम १० को उपनियम (१), (२) र (५) बमोजिम देहायको दूरसंचार सेवा संचालन गर्न यो अनुमतिपत्र दिइएको छ ।

१. अनुमतिपत्र पाउने व्यक्तिको, –
  (क) नाम :
  (ख) ठेगाना :
    स्थायी :
    अस्थायी :
२. अनुमतिपत्र दिइएको दूरसंचारको किसिम :
३. दूरसंचार सेवा सम्बन्धमा :–
  (क) काम संचालन गर्नु पर्ने मिति:
  (ख) काम सम्पन्न गर्नु पर्ने मिति:
४. दूरसंचार प्रणालीको :-
  (क) निर्माता :
  (ख) आयात गरिने मुलुक :
  (ग) गुणस्तर :
५. प्रयोग गर्ने फ्रिक्वेन्सी :
६. ग्राहकलाई दूरसंचार सेवा उपलब्ध गराउने मिति :
७. फ्रिक्वेन्सी प्रयोग गरे वापत बुझाउनु पर्ने वार्षिक रकम :
८. दूरसंचार सेवा संचालन गर्ने क्षेत्र :
  (क) जिल्ला: (ख) गा.वि.स.।न.पा.:
  (ग) वडा नं.:
९. दूरसंचार सेवा विकास, विस्तार र संचालन गर्नु पर्ने ग्रामिण क्षेत्र :
  (क) जिल्ला: (ख) गा.वि.स.।न.पा.:
  (ग) वडा नं.:
१०. अनुमतिपत्र नम्बर :
११. अनुमतिपत्र बहाल रहने अवधि :
१२. अनुमतिपत्र नवीकरण गरे वापत बुझाउनु पर्ने वार्षिक दस्तुर :
१३. श्री ५ को सरकारलाई बुझाउनु पर्ने वार्षिक रोयल्टीको रकम :



695
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. ग्रामिण क्षेत्रको दूरसंचार विकासको लागि वार्षिक रुपमा प्राधिकरणलाई रकम बुझाउनु पर्ने भए सो रकम :

१५. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसंचार सेवा संचालन गर्दा वा फ्रिक्वेन्सी प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरू :

(क)

(ख)

(ग)

(घ)

कार्यालयको छाप :

अनुमतिपत्र दिने अधिकारीको:-

सही :

नाम :

पद :

कार्यालय :

मिति :

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९६

अनुसूची –५
(नियम १० को उपनियम (६) संग सम्बन्धित)
दूरसंचार सेवा संचालन गर्न दिइने अनुमतिपत्र

श्री................................
...................................।

तपाईलाई दूरसंचार ऐन, २०५३ को दफा २३ को उपदफा (३) तथा दूरसंचार नियमावली, २०५४ को नियम १० को उपनियम (६) बमोजिम देहायको दूरसंचार सेवा संचालन गर्न यो अनुमतिपत्र दिइएको छ । :–

१. अनुमतिपत्र पाउने व्यक्तिको –
   (क) नाम :
   (ख) ठेगाना :
       स्थायी :
       अस्थायी :
२. अनुमतिपत्र दिइएको दूरसंचारको किसिम :
३. दूरसंचार प्रणालीको :–
   (क) निर्माता :
   (ख) आयात गरिने मुलुक :
   (ग) गुणस्तर :
४. प्रयोग गर्ने फ्रिक्वेन्सी :
५. फ्रिक्वेन्सी प्रयोग गरे वापत बुझाउनु पर्ने वार्षिक रकम :
६. दूरसंचार सेवा संचालन गर्ने क्षेत्र :
७. अनुमतिपत्र नम्बर :
८. अनुमतिपत्र बहाल रहने अवधि :
९. अनुमतिपत्र नवीकरण गरे वापत बुझाउनु पर्ने नवीकरण दस्तुर :
१०. श्री ५ को सरकारलाई बुझाउनु पर्ने वार्षिक रोयल्टी रकम :
११. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसंचार सेवा संचालन गर्दा वा फ्रिक्वेन्सी प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरू :
   (क)
   (ख)
   (ग)
   (घ)

कर्यालयको छाप :

अनुमतिपत्र दिने अधिकारीको, :–
सही :
नाम :
पद :
कार्यालय :
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८९६

अनुसूची -६
(नियम ११ को उपनियम (१) को खण्ड (क) संग सम्बन्धित)
अनुमतिपत्र वापत लाग्ने दस्तुर

दूरसंचार नियमावली, २०५४ को नियम १० को उपनियम (५) बमोजिम दिइने अनुमतिपत्रको लागि देहाय बमोजिम दस्तुर लाग्नेछ :-

| सि.नं. | दूरसंचार सेवाको किसिम | दस्तुर |
|---|---|---|
| १. | इन्टर्नेट (इ-मेल सहित) | रू. ५,००,०००।- |
| २. | इ-मेल | रू. ३,००,०००।- |
| ३. | भ्वाइसमेल | रू. २,००,०००।- |
| ४. | भिडियो टेलेक्स | रू. २,००,०००।- |
| ५. | ट्रंक मोवाईल रेडियो | रू. १,००,०००।- |
| ६. | रेडियो पेजिङ सेवा | रू. १५,००,०००।- |
| ७. | अन्य दूरसंचार सेवाको लागि प्राधिकरणको सिफारिशमा मन्त्रालयले तोके बमोजिमको रकम । | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–७
(नियम १२ को उपनियम (२) संग सम्बन्धित)
अनुमतिपत्र नवीकरण गरे वापत लाग्ने दस्तुर

दूरसंचार नियमावली, २०५४ को नियम १० को उपनियम (५) बमोजिम दिइने अनुमतिपत्र नवीकरण गर्नको लागि देहाय बमोजिम दस्तुर लाग्ने छ :-

| सि.नं. | दूरसंचार सेवाको किसिम | दस्तुर |
|---|---|---|
| १. | इन्टर्नेट इ-मेल सहित | रू. ३,००,०००।- |
| २. | इ-मेल | रू. २,००,०००।- |
| ३. | भ्वाइसमेल | रू. १,००,०००।- |
| ४. | भिडियो टेलेक्स | रू. १,००,०००।- |
| ५. | ट्रक मोवाइल रेडियो | रू. ५०,०००।- |
| ६. | रेडियो पेजिङ सेवा | रू. ८,००,०००।- |
| ७ | अन्य दूरसंचार सेवाको लागि प्राधिकरणको सिफारिशमा मन्त्रालयले तोके बमोजिमको रकम । | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची–८
(नियम १३ को उपनियम (१) संग सम्बन्धित)
अनुमतिपत्रमा संशोधन गर्नको लागि दिइने निवेदनपत्र

श्री नेपाल दूरसंचार प्राधिकरण,
......................................।

मैले त्यस प्राधिकरणबाट मिति.......................मा पाएको अनुमतिपत्रमा उल्लेखित देहाय कुराहरूमा देहाय बमोजिम संशोधन गर्न आवश्यक परेकोले अनुमतिपत्रको प्रतिलिपि सलग्न गरी निवेदन गरेको छु ।

१. अनुमतिपत्रमा भएका कुराहरू :
(क)
(ख)
(ग)
(घ)
२. संशोधन गर्न खोजिएका कुराहरू र सो संशोधन गर्नु पर्नाको कारण :
(क)
(ख)
(ग)
(घ)

संगठित संस्थाको छाप :-

निवेदकको, :-
सही :
नाम :
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-९
(नियम १४ को उपनियम (१) संग सम्बन्धित)
अनुमतिपत्रको बिक्री वा हस्तान्तरण गरी लिने दिने स्वीकृतिको लागि दिइने
निवेदनपत्र

नेपाल दूरसंचार प्राधिकरण,
................................... ।

मैले त्यस प्राधिकरणबाट मिति ........................मा पाएको अनुमतिपत्र ..................कारणले......................जिल्ला..............................गा.वि.स.।न.पा..................वडा नं..............बस्ने..................................वर्ष..........को श्री ........................लाई बिक्री/अन्य तवरले हक हस्तान्तरण गर्न चाहेकोले स्वीकृति पाउन सादर अनुरोध गर्दछु ।

संगठित संस्थाको छाप :

अनुमतिपत्र बिक्री वा हक हस्तान्तरण गर्न चाहने व्यक्तिको,:-
सही :
नाम :
ठेगाना :
मिति:

उपरोक्त लेखिए बमोजिम .......................ले मलाई....................... दूरसंचार सेवा संचालन गर्ने अनुमतिपत्र बिक्री/अन्य तवरले हक हस्तान्तरण गर्न चाहेको र सो अनुमतिपत्र मैले किन्न /अन्य तवरले हक हस्तान्तरण गरी लिन चाहेकोले सो अनुमतिपत्र मेरो नाममा बिक्री अन्य तवरले हक हस्तान्तरण गरी लिन स्वीकृति पाउन सादर अनुरोध गर्दछु ।

संगठित संस्थाको छाप :

अनुमतिपत्र किन्ने वा हक हस्तान्तरण गरी लिन चाहने व्यक्तिको,:-
सही :
नाम :
ठेगाना :
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
६२९

निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू :–

(क) अनुमतिपत्रको प्रतिलिपि ।

(ख) अनुमतिपत्र लिन दिन चाहने व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) अनुमतिपत्र बिक्री वा हक हस्तान्तरण गरी दिन चाहेको कारण सम्बन्धी विस्तृत विवरण ।

(घ) अनुमतिपत्र लिन दिन चाहने व्यक्तिहरू बीच आपसमा निर्धारित तत्सम्बन्धी शर्त बन्देज ।

(ङ) अनुमतिपत्र बिक्री गर्ने वा अन्य तवरले हक हस्तान्तरण गरी दिने व्यक्तिले दूरसंचार सेवा संचालन गर्न छुट्याएको पूँजी निजको प्राविधिक निपूणता र पेशा सम्बन्धी दक्षता ।

(च) अनुमतिपत्र किन्ने वा अन्य तवरले हक हस्तान्तरण गरी लिन चाहने व्यक्तिको दूरसंचार सेवा संचालन सम्बन्धी कार्य संचालन योजना ।

(छ) अन्य आवश्यक कुराहरू ।

आज्ञाले,
सुशीलकान्त झा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार